जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ५३ २०८२ साल असोज ३ गते शुक्रबार (19 Sep 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्घीयताको कसीमा... ३ पृष्ठमा : निर्वाचन, सुशासन र न्यायिक... ३ पृष्ठमा : ट्रम्पद्वारा २३ देशलाई ...

## डिभिजन वन कार्यालयमा करोडौं मुल्य बराबरको क्षति




**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

जेनजी आन्दोलनका क्रममा डिभिजन वन कार्यालय सप्तरीमा करोडौं मुल्य बराबरको क्षति भएको छ ।

भदौ २४ गते जेनजीले गरेको प्रदर्शनका क्रममा कार्यालयको भवनसहित त्यहाँ रहेका महत्वपूर्ण कागजात तथा जिन्सी सामान मध्ये केहीमा आगजनी तथा लुटपाट गरिएको थियो ।

आगजनी, तोडफोडपछी लुटपाटबाट १ करोड ७१ लाख ८१ हजार ९ सय ४० रुपैयाँ मुल्य बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको डिभिजन वन कार्यालयका प्रमुख सुभाषचन्द्र दासले जानकारी दिएका छन् ।

उनले आगजनीबाट ७० लाख रुपैयाँ बराबरको भवन पूर्ण रुपमा जिर्ण बनेकोले अहिले त्यस कार्यालयबाट सेवा प्रवाहा गर्ने अवस्था समेत नरहेको उल्लेख गरे ।

आन्दोलनका क्रममा कम्प्युटर, ल्यापटप, अग्नि नियन्त्रणका उपकरण एयर ब्लोवर, जिपिएस सेट, प्रोजेक्टर, सीसी क्यामेरा, एसी, सोफा, दराज, टेबल-कुर्सीलगायतका सामग्री नष्ट हुनुका साथै लुटेर पनि लगिएको कार्यालयमा जडित सीसी क्यामराको फुटेजबाट प्रष्ट देखिएको उनको दावी छ ।

कार्यालय पुर्ण रुपमा जिर्ण भइसकेकाले तत्काल कामकाज सञ्चालनमा समस्या भएको हुँदा हाल राजविराज ८ स्थित पहिलाको भूसंरक्षण कार्यालयबाट सेवा प्रवाह गर्ने गरी तयारी भइरहेको प्रमुख दासले बताए ।

लुटेर लगिएका सामानहरु फिर्ता गर्न सार्वजनिक सूचना जारी गरेपछि तीन वटा आगो निभाउने जेट सुटर र एक थान जिपिएस प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको रोहबरमा फिर्ता आएको र अझै चोरी भएका सामग्री भने फिर्ता हुन नसकेको दासले जिकिर गरे ।

## फरार ८२ कैदीबन्दी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

कारागार कार्यालय सप्तरीबाट फरार कैदीबन्दी मध्ये ८२ जनालाई हालसम्म प्रहरीले पक्राउ गरेको छ ।

भदौ २५ गते बुधबार कारागारको मुख्य गेट तोडी ३ सय ९७ कैदीमध्ये २ सय ५ जना फरार भएका थिए ।

प्रहरीले जिल्लाका विभिन्न स्थानबाट ८२ जनालाई नियन्त्रणमा लिएको छ भने झुम्का कारागार, सुनसरीबाट फरार भएका ६ जना र नख्खु कारागारवाट फरार २ जना कैदी समेत गरी हालसम्म ९० जना पक्राउ परेका छन् ।

अहिलेसम्म राजबिराज कारागारका १ सय २३ जना कैदी अझै फरार रहेका र उनीहरूको खोजी तीव्र रुपमा भइरहेको प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिएका छन् ।

उनका अनुसार भारतको बिहार राज्यसँग जोडिएको विभिन्न नाकामा खोजी अभियानलाई थप सक्रिय बनाइएको छ । कारागारमा सुरक्षाको अबस्थालाई मध्यनजर गर्दै हाल कार्यालय वरिपरि कर्फ्युलाई निरन्तरता दिइएको छ ।

## उच्चद्वारा जिल्ला अदालतलाई कम्प्युटर र प्रिन्टर सहयोग

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

उच्च अदालत जनकपुर राजविराज इजलासले सप्तरी जिल्ला अदालतलाई बिहीबार कम्प्युटर र प्रिन्टर प्रदान गरेको छ ।

जेनजीको आन्दोलनमा अदालतमा तोडफोड, आगजनी र लुटपाट हुँदा पूर्ण रूपमा क्षति भएपछि सहयोग स्वरूप एकथान कम्प्युटर र एक थान प्रिन्टर प्रदान गरेको अदालतका रजिष्टार लोकनाथ पराजुलीले जानकारी दिएका छन् ।

सप्तरी जिल्ला अदालतमा काम गर्न कठिनाइ भएकोले थोरै भएपनि सहयोगका लागि तत्काल कम्प्युटर र प्रिन्ट उपलब्ध गराइएको उनले बताए ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेले जेनजीको आन्दोलनमा अदालतमा

*बाँकी अन्तिम पृष्ठमा*

## मोर्चाले असोज ३ गतेलाई कालो दिवसको रुपमा मनाउने

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

संघीय लोकतान्त्रिक मोर्चाले असोज ३ गतेलाई कालो दिवसको रुपमा मनाउने निर्णय गरेको छ ।

मोर्चाको केन्द्रीय सचिवालयको बिहीबार बसेको बैठकले उक्त निर्णय गर्दै यस वर्ष पनि संविधान दिवसलाई संघीय लोकतान्त्रिक मोर्चाको तर्फबाट सामुहिक रुपमै कालोपट्टी बाँधी विभिन्न खाले विरोधका कार्यक्रमहरु गरि कालो दिवस मनाउने निर्णय गरेको हो ।

शिवजी यादवको अध्यक्षतामा बसेको बैठकले २०७२ असोज ३ गते संविधान जारी भएको दिन मधेशका सपुतको छातीमा गोली ठोकी जबरजस्ति एकतर्फी रुपमा संविधान लाद्ने काम भएको र आन्दोलनको मर्म र भावना विपरीत अपूर्ण र अधुरो संविधान जारी गरिएकोले संविधानको पुनर्लेखन अथवा परिमार्जन तथा संशोधनको माग राखी संविधानलाई आंशिक रुपमा स्वीकार गरि असोज ३ लाई कालो दिनको रुपमा मनाउने निर्णय भएको जनाइएको छ ।

यस्तै सोही बैठकले जेनजी पुस्ताले २०८२ भाद्र २३ र २४ गते भ्रष्टाचार र कुशासनको विरुद्धमा तथा सामाजिक सञ्जाल प्रतिवन्ध खुलाउन दवाव स्वरुप गरेको आन्दोलनको पक्षमा मोर्चा रहेको स्पष्ट समेत पारेको छ ।

बैठकले जेनजीद्वारा गरिएको आन्दोलनमा अराजक तत्वहरु घुसपैठ गरि विभिन्न राजनीतिक दलको कार्यालय, लोकतन्त्रका प्रमुख आधारहरु राष्ट्रपति भवन, व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकाका भवनहरु, सरकारी, सार्वजनिक तथा नीजी भवनहरु, मोर्चाका नेताहरु राजेन्द्र महतो, हृदयेश त्रिपाठी, सर्वेन्द्र नाथ शुक्ला, शरतसिंह भण्डारी, निर्जला राउत,

*बाँकी अन्तिम पृष्ठमा*

## दिपावली गरी संविधान दिवस मनाउने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

संविधान जारी भएको दिन असोज ३ लाई विगत झै यस वर्ष पनि संविधान दिवस तथा राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णय गरिएको छ ।

जिल्ला समन्वय समितिको सभाकक्षमा विहिवार विभिन्न राजनीतिक दल, सुरक्षा निकाय तथा विभिन्न संघ संस्थाका प्रमुखहरुको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकमा नेपाली काँग्रेसका उपसभापती रामकुमार यादव, नेकपा एमालेका सचिव देवनाथ यादव र नेकपा माओवादी केन्द्रका इन्चाज सूर्यनाथ यादव वाहेक अन्य कुनै पनि राजनीतिक दलका प्रतिनिधी सहभागी भएनन् ।

जिल्ला समन्वय समितीका प्रमुख शिवनारायण साहको संयोजकत्वमा गठन भएको मुल आयोजक समितीको बैठकमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, सशस्त्र प्रहरी उपरिक्षक रोशन बुढाथेकि, नेपाल प्रहरीका प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेत, सामुदायीक प्रहरी सेवा मञ्चका अध्यक्ष धिरेन्द्र कुमार दास, जिल्ला समन्वय अधिकारी कुन्दन कर्ण, राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशक कुल चन्द्र नेपाल, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख जागेश्वर खडगाको पनि सहभागिता रहेको थियो ।

बैठकले २ असोजमा साँझ घर तथा कार्यालयहरुमा दीपावली, ३ असोजमा प्रभातफेरी र गजेन्द्र नारायण सिह अस्पतालका विरामीहरुलाई फलफुल वितरण तथा ४ असोजमा साँझ घर तथा कार्यालयहरुमा दिपावली लगायतका कार्यक्रम गर्ने निर्णय गरेको छ ।

अहिले विशेष गरी राजनीतिक परिस्थितीलाई दृष्टीगत गरी थोरै कार्यक्रम तय गरिएको मूल आयोजक समितीका संयोजक साहले जानकारी दिए ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### संविधानप्रतिको असन्तुष्टि अझै कायमै

असोज ३ लाई नेपालका ठूला दल लगायत सरकारले संविधान दिवसको रुपमा मनाउने गर्छ। तर, मधेशवादी दलहरुले यस दिनलाई कालो दिवसको रुपमा मनाउने गर्छ। विसं २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको दिन हो। यस दिन मुलुकले संघीय लोकतन्त्रको संविधान पाएको हो। खास गरि संविधानमा त्रृटी रहेको भन्दै मधेशवादी दलले यस दिनलाई कालो दिनको रुपमा सार्वजनिक कार्यक्रम गरेरै बिरोध सभा गर्दै आइरहेको छ।

एक दशकदेखी संविधानप्रति मुलुकका राजनीतिक दलहरुले देखाएको असहमतिप्रति सरकार गम्भिर बन्न सकेको छैन्। जबकी संविधान संशोधन गरेर ती असन्तुष्ट हटाउने प्रावधान समेत रहेको छ। तर यसप्रति कसैको चासो देखिदैन्। असोज ३ गते आयो भने मात्र कसैले खुशियालीमा त कसैले बिरोध गर्दै आइरहेका छन्। यो कति दिनसम्म चल्ने हो ! सोही संविधान मातहतमा ती असन्तुष्ट दलहरु विभिन्न राजनीतिक क्रियाकलापमा सहभागि हुन्छन्। र निर्वाचन प्रणालीमा समेत सहभागिता जनाउँछन् अनि सरकारमा पनि सहभागि हुन्छन्।

तसर्थ राजनीतिक दलहरुले संविधानमा रहेका त्रृटीलाई सच्याएर अगाडी बढ्नेप्रति गम्भिर हुनुपर्ने आवश्यक छ। अनिमात्र संविधान सम्पूर्ण नेपालीको साझा बन्ने कुरामा दुइमत नहोला।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सङ्घीयताको कसीमा संविधानका एक दशक

रेवती सापकोटा
काठमाडौँ, २ असोज (रासस)।

नेपालमा संविधानसभाबाट संविधान जारी भएको एक दशक पूरा भएको छ। पहिलो संविधानसभाले संविधान जारी गर्न नसकेपछि गठन भएको दोस्रो संविधानसभाबाट जारी संविधान असोज ३ गते एक दशक पूरा हुन लागेको हो। संविधान गतिशील दस्तावेज हो। नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र जनतामा निहीत सार्वभौमसत्ता बाहेक संविधानका अन्य विषयमा संशोधन हुन सक्ने संवैधानिक व्यवस्था छ। तेस्रोपटक संविधान संशोधन गर्ने लक्ष्य राखेर प्रतिनिधिसभामा पहिलो र दोस्रो ठूलो दल नेपाली कांग्रेस र एमालेको गठबन्धनको सरकार बनेको १४ महिनासम्म संविधान संशोधन हुन सकेन। यो संविधान जारी भएको छ महिना नपुग्दै २०७२ फागुन १६ गते र २०७७ असार ४ गते गरी दुई पटक संविधान संशोधन भएको थियो।

राजनीतिक दलको अस्तित्व माथि नै प्रश्न उठाउँदै युवा पुस्ताले गरेको आन्दोलनले उथलपुथल ल्याएको छ। सत्ता सञ्चालनका क्रममा राजनीतिक र प्रशासनिक निकायले थुपारेको विकृति र बिसङ्गतिलाई युवा पुस्ताको ३६ घण्टाको क्रान्तिले उजागर गरिदिएको छ। मुलुकका होनाहार ७४ जनाको बलिदानपछि प्रतिनिधिसभा विघटन भएको छ भने राष्ट्रियसभा जीवितै छ। प्रदेशको व्यवस्थापिका र कार्यपालिका अनि स्थानीय व्यवस्थापिका र कार्यपालिका जीवितै छन्। आवश्यकताको सिद्धान्तका आधारमा संविधानका कुनै पनि धाराले नचिनेको तर युवा पुस्ताको ३६ घण्टाको क्रान्तिले चिनेको नागरिक सरकार गठन भएको छ। मुलुक कसरी यो अवस्थामा पुग्यो भन्ने विश्लेषण राजनीतिक दल र नागरिकले गर्नुपर्ने अवस्था आएको छ।

राजनीतिक आन्दोलनका क्रममा मुखरित भएका विषयलाई सम्बोधन गर्ने गरी संविधान र कानुनमा समेटिएका विषय व्यावहारिक रूपमा कार्यान्वयन नभएका कारण संविधान माथि प्रश्न आएको हो। नेपालभित्रकै कतिपय पालिका र प्रदेशका संरचनाले गरेका असल अभ्यासलाई ग्रहण गरी राष्ट्रिय नीति तथा कार्यक्रम बनाउन सकिन्छ। नागरिकले अनुभूत गर्ने विषयमा आमूल परिवर्तन नगरेसम्म जतिसुकै ठूला राजनीतिक परिवर्तन भए पनि ती परिवर्तन दिगो हुन नसक्ने तथ्य विगतका घटनाक्रमले पुष्टी गरिसकेको छ।

संसारभर जेन्जी जेड र जेन्जी अल्फा पुस्ताको सङ्ख्या करिब पाँच अर्ब छ, नेपालमा पनि जेन्जी जेड र जेन्जी अल्फा पुस्ताको सङ्ख्या ठूलो छ तर उनीहरूलाई शासन गर्ने ६० वर्षभन्दा माथिको उमेर समूहका छन्। युवा पुस्ताको चाहना र भावनालाई नबुझ्ने नेतृत्व प्रशासन र राजनीतिमा प्रशस्त छन्। ससाना विषयलाई सम्बोधन नगरी ठूला विषय उठाएर मात्रै राजनीति क्रान्तिलाई दिगो बनाउन सकिँदैन भन्ने तथ्य पटक पटक पुष्टी भइसकेको छ। त्यसैले संविधान, संविधानअन्तर्गत बनेका कानुन, ती कानुनले जन्माएका संरचना र ती संरचनाबाट कार्यान्वयन भएका नीतिगत तथा व्यावहारिक परिणामहरूको समग्र समीक्षा गर्ने उपयुक्त समय पनि हो अहिले।

यस संविधानका ३५ भाग, ३०८ धारा र ९ अनुसूची छन्। संविधानमा ३१ वटा मौलिक हक, चार वटा निर्देशक सिद्धान्त, १३ वटा राज्यका नीति छन्। संविधानमा छ वटा नागरिकका स्वतन्त्रता छन् भने चार वटा नागरिकका कर्तव्य छन्। संविधानले प्रत्यायोजन गरेका एकल र साझा अधिकारलाई प्रभावकारी कार्यान्वयनमा लैजानका लागि सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ छ। यस कानुनी व्यवस्थाले तीनै तहका सरकारका काम कारबाहीलाई व्यवस्थित गर्ने र कार्य जिम्मेवारी तोकेको छ। संविधान र कानुन आफैँमा निर्जिव वस्तु हो। संविधान र कानुनलाई जीवित बनाएर परिचालन गर्ने व्यक्तिले हो। जिम्मेवारीमा रहेका व्यक्तिले संविधान र कानुनलाई कसरी परिचालन गरे, त्यसको परिणाम कस्तो आयो, आगामी दिनमा पनि कसले परिचालन गर्छ र त्यसको परिणाम कस्तो आउँछ भन्ने तथ्य जिम्मेवारीमा कस्ता व्यक्तिलाई राखिन्छ भन्ने तथ्यले धेरै विषयलाई स्पष्ट पार्छ।

संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारभूत मूल्याङ्कन तीन तहका सरकारबाट सम्पादन भएका कार्यमा आधारित भएर गर्नुपर्ने हुन्छ। जनताद्वारा निर्वाचित व्यवस्थापिकाले निर्माण गरेका कानुनलाई कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकामा हुन्छ। सङ्घ, प्रदेश र स्थानीय तहमा निर्वाचित प्रतिनिधि, तिनले गठन गरेका कार्यपालिका तथा कार्यपालिका अन्तर्गतका संरचनाले गरेका कार्य नै संविधानको सफलताको आधार मापन गर्न सकिन्छ। संविधानले परिकल्पना गरेका कानुनी संरचना र तिनलाई सञ्चालन गर्ने राजनीतिक तथा प्रशासनिक नेतृत्वको कार्यशैलीका आधारमा नागरिकले पाएका सेवा तथा नागरिकबाट आएका सकारात्मक र नकारात्मक प्रतिक्रियामार्फत संविधानको समीक्षा हुनुपर्छ। संविधानसभाभन्दा शक्तिशाली सार्वभौम जनता भएकाले उनीहरूका प्रतिक्रियाअनुसार संविधान वा कानुन संशोधन र परिमार्जन आवश्यक हुन्छ।

संविधानले नागरिकलाई शक्तिशाली बनाएको छ भने जनता नै संविधानलाई शक्तिशाली दस्तावेज बनाउने आधारस्तम्भ हुन्। जब नागरिक र संविधानबीचको सम्बन्ध असन्तुलित हुन्छ, तब राजनीतिक सन्तुलन बिग्रन्छ। राजनीतिक सन्तुलन बिग्रँदा राज्यका संरचना निष्प्रभावी हुन्छन्। २०७४ सालमा भएको निर्वाचनपछिका पहिलो तीन वर्ष तीनै तहका सरकार सक्रिय र प्रभावकारी देखिएका थिए। तर पछिल्ला वर्षमा बिग्रिएको राजनीतिक सन्तुलन सुधार्न नसक्दा युवा पुस्ता आन्दोलनमा होमिनुपर्ने परिस्थिति सिर्जना भएको हो। सङ्घ, प्रदेश र स्थानीय तहका संरचनाले प्रभावकारी काम गर्न असमर्थ भएकै कारण आम नागरिक र युवा पुस्तामा निराशा र आक्रोश बढाउँदै लगेको थियो।

नेपालको संविधानको धारा ५६ (१) ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ। संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँटको व्यवस्था गरी संविधानका अनुसूची ५ देखि ९ सम्ममा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारका सूची उल्लेख गरिएको छ। नेपालको संविधानका अनुसूचीमा उल्लिखित तीनै तहका एकल अधिकार ७८ वटा र साझा अधिकार ४० वटा गरी एक सय १८ वटा अधिकार सूचीको व्यवस्था छ। अवशिष्ट अधिकार सङ्घमा छ।

नेपाल सरकारले २०७३ माघ १८ गते स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा ११८ वटा अधिकारलाई एक हजार ७९५ कार्य जिम्मेवारीमा विस्तृतीकरण गरिएको थियो। तर, ती अधिकार कार्यान्वयनमा जाँदा विविध समस्या देखा परेका छन्, कहीं सङ्घीय कानुनको अभावमा प्रदेश र स्थानीय तहले कानुन बनाउन नसकेको, कहीँ साझा अधिकारमा बनेका प्रदेश र स्थानीय कानुनी प्रावधान सङ्घस्थीय कानुनसँग बाझिएको, कतिपय अवस्थामा सङ्घको जिम्मेवारी प्रदेश वा स्थानीय तहमा पुगेको, अनि कतिपय प्रदेश र स्थानीय तहमा रहनुपर्ने अधिकार सङ्घमै केन्द्रित भएको अवस्था छ। यसले व्यवहारमा सेवाग्राहीलाई एउटै कामका लागि दुई वा बढी तहमा धाउनुपर्ने अवस्था सिर्जना गरेको छ।

सङ्घ, प्रदेश र स्थानीय तहमा बनेका कानुन, ती कानुनले परिकल्पना गरेका संरचना र तिनले प्रवाह गरेका सेवाको अध्ययन अनुसन्धान गरेर प्रतिवेदन तयार पार्नुपर्ने देखिन्छ। त्यस्तो प्रतिवेदनका आधारमा सम्बन्धित तहले कानुन संशोधन वा संविधान परिमार्जनका लागि पहल गर्नु उपयुक्त हुन्छ। संविधानलाई प्रभावकारी बनाउन तलबाट-जनताबाट-शक्ति प्रवाह हुनु अनिवार्य हुन्छ। माथिबाट थोपारिएको भन्दा जनताबाट ग्रहण गरिएको कानुन र नीति नै प्रभावकारी हुन्छ तर, बन्नुपर्ने कानुन नबनेका, नबन्नुपर्ने कानुन बनेका, बनेका कानुन कार्यान्वयनमा नगएका, प्रदेश कानुन सङ्घीय कानुनी अवरोधमा परेका, स्थानीय कानुन प्रदेश कानुनी छेकबारमा फसेका उदाहरण प्रशस्तै छन्। यसकारण समग्र अध्ययन अनुसन्धान आवश्यक छ, जसका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहले कार्ययोजना बनाउन सक्नेछन्।

कानुन निर्माण प्रक्रियामा जनप्रतिनिधिको सचेतना र सक्रियता महत्वपूर्ण हुन्छ। तर व्यावहारिक रूपमा उनीहरूमा आवश्यक तयारी, छलफल र गहन अध्ययनमा कमी देखिन्छ। यसले गर्दा कर्मचारी प्रशासन नै निर्णय प्रक्रियामा हाबी हुने गरेको छ। भविष्यमा यस्तो नहोस् भन्न जनप्रतिनिधिले अझ सक्रिय र चनाखो भई सरोकारवालासँग निरन्तर छलफल र अन्तरक्रिया बढाउनु जरुरी छ।

संविधानमा साझा अधिकार सूचीमा रहेका विषयमा प्रदेश वा स्थानीय व्यवस्थापिकाले कानुन बनाइसकेको अवस्थामा सङ्घीय कानुन निर्माण गर्दा तीनको अभ्यासलाई सम्बोधन गर्ने गरी कानुनी व्यवस्था मिलाउनुपर्ने हुन्छ। नेपाल कानुन व्याख्यासम्बन्धी ऐन, २०१० ले यस विषयलाई स्पष्ट पारेको छ। त्यस्तै, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले सङ्घीय कानुन नबनेको अवस्थामा प्रदेश वा स्थानीय तहले कानुन बनाउन सक्ने व्यवस्था गरेको छ। सङ्घले लामो समयसम्म कानुन नबनाउँदा प्रदेश र स्थानीय तह आफैँले कानुन बनाएर कार्यान्वयन गरिरहेका छन्। त्यसैले सङ्घीय कानुन निर्माण गर्नु अघि प्रदेश र स्थानीय तहसँग अनिवार्य परामर्श गर्नुपर्छ तर त्यस्तो भइरहेको छैन। प्रदेश र स्थानीय तह नै नभए झैं गरी सङ्घले कानुन बनाउने गरेको छ।

प्रदेश र स्थानीय तहले बनाएका र कार्यान्वयन गरिरहेका सफल कानुनी अभ्यासलाई सङ्घीय कानुनी संरचनामा समेट्नु नेपालकै मौलिक अभ्यास हुनेछ। अन्य मुलुकका अभ्यासभन्दा आफ्नै देशका असल अभ्यासलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ। यस सन्दर्भमा राष्ट्रियसभाले पनि साझा अधिकार सूचीअन्तर्गत बनेका प्रदेश तथा स्थानीय कानुनको अध्ययन गर्न र गर्न लगाउन सक्छ। प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिबाट निर्वाचित राष्ट्रियसभा सदस्यको जिम्मेवारी यसमा महत्वपूर्ण हुन्छ। संविधानले तीनै तहका सरकारलाई समन्वय, सहकार्य र सहकारितामा आधारित भई सञ्चालन गर्ने प्रावधान गरेको छ। तर व्यवहारमा प्रभावकारी समन्वयको कमी देखिएको छ। समन्वयले मात्र तीनै तहबीच कानुन निर्माण र कार्यान्वयनमा सहजता ल्याउँछ। त्यसैले राजनीतिक नेतृत्व र कर्मचारी तहमा सहकार्य गर्ने सीप र प्रवृत्ति विकास गर्न जरुरी छ।

प्रदेशस्तरमा देखिएका समस्या र गुनासो समाधान गर्न मुख्यमन्त्री नेतृत्वको परिषद् तथा दुई वा बढी प्रदेशबीच देखिएका विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा रहने अन्तरप्रदेश समन्वय परिषद् गठन गर्ने संवैधानिक व्यवस्था छ तर यी परिषद्हरूलाई अझ सक्रिय र प्राविधिक रूपमा सक्षम बनाउनु पर्ने देखिन्छ। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्न प्रत्येक प्रदेशबाट सुझाव सङ्कलन गर्ने निर्णय गरेको थियो। उक्त सुझाव प्रतिवेदन प्रधानमन्त्री कार्यालय र मुख्यमन्त्री कार्यालयमा थन्किएका छन् तर त्यो प्रतिवेदन आजसम्म सार्वजनिक भएको छैन। त्यसलाई पुनः सक्रिय बनाई अन्तरप्रदेश समन्वय परिषद्मार्फत छलफल गराएर प्रदेश र स्थानीय तहबाट आएका सुझावलाई संशोधन गर्ने प्रणाली लागू गर्नु आवश्यक छ।

संविधान र कानुनलाई परिपक्व बनाउन, व्यावहारिक समस्या र कठिनाइलाई सम्बोधन हुने गरी संशोधन र परिमार्जन सहजीकरण गर्न गराउन सकिन्छ। नयाँ सरकारले पनि संविधान र कानुनमा संशोधन, परिमार्जन गर्नुपर्ने विषयका बारेमा नागरिक तहको सुझाव, सेवाग्राही र कर्मचारीले भोगेका समस्या र समाधान गर्न सकिने उपायका आधारमा अध्ययन गर्न गराउन सक्नेछ। उक्त अध्ययन प्रतिवेदनका आधारमा नागरिकका आधारभूत समस्या सम्बोधन हुने गरी संविधान संशोधनका लागि गतिलो दस्तावेज बन्न सक्छ।

# निर्वाचन, सुशासन र न्यायिक छानबिन सरकारको मुख्य दायित्व : नागरिक अगुवा

काठमाडौँ, २ असोज (रासस)।

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आफूलाई प्राप्त कार्यादेशअनुसार निर्वाचनलाई केन्द्रमा राखेर काम सुरु गरिसक्नुभएको छ।

गत भदौ २३ र २४ गते भएको जेनजी समूहको प्रदर्शन र त्यसबाट उत्पन्न परिस्थितिमा गठित कार्की नेतृत्वको अन्तरिम सरकारको काँधमा शान्तिसुरक्षा कायम गर्दै प्रदर्शनका क्रममा भएको जनधनको क्षतिको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने अर्को महत्वपूर्ण दायित्व पनि छ। त्यसो त प्रदर्शनका क्रममा उठाइएको भ्रष्टाचारको अन्त्य, सुशासन कायम र युवापुस्ताको सोचलाई राज्यका अङ्गमा प्रतिबिम्बित गरेको अनुभूति पनि यो सरकारले दिलाउनुपर्नेछ।

जेनजी समूहको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुभएपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई गत भदौ २७ गते प्रधानमन्त्रीमा पदमा नियुक्त गर्नुभएको थियो। सोही दिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गर्नुभएको थियो।

मिति घोषणासँगै निर्वाचन आयोगले प्रारम्भिक तयारीका काम सुरु गरेको छ भने प्रधानमन्त्री कार्कीले आफू नेतृत्वमा चार सदस्यीय मन्त्रिपरिषद् विस्तार पनि गरिसक्नुभएको छ। जसअनुसार हाल अर्थ मन्त्रालयको जिम्मेवारी पूर्वअर्थसचिव रामेश्वर खनाले पाउनुभएको छ भने नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँगै भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ। साथै गृहमन्त्रालयको जिम्मेवारी अधिवक्ता ओमप्रकाश अर्यालले सम्हालिसक्नुभएको छ।

नागरिक क्षेत्रका अगुवा एवं बुद्धिजीवीले सरकारका आगामी प्राथमिकता र प्राप्त कार्यभारबारे मूलतः तिनै कुराहरुलाई जोड दिनुभएको छ। उहाँहरुले जेनजी समूहले शान्तिपूर्ण रुपका गरेको प्रदर्शनमा कसरी घुसपैठ भयो र कसरी जनधनको क्षति भयो भन्ने निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग पनि गर्नुभएको छ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् प्रा केदारभक्त माथेमाले नयाँ सरकारको मुख्य जिम्मेवारी आगामी फागुन २१ मा चुनाव सम्पन्न गराउनुरहेको बताउनुभयो। "सरकारले दैनिक प्रशासनिक काम त गर्नैपर्छ, किसानलाई मलदेखि जनतालाई नुनसम्म उपलब्ध गराउनुपर्ने कामको जिम्मेवारी पनि छ", उहाँले भन्नुभयो, "त्यसबाहेक प्रदर्शनका क्रममा ध्वस्त भएका संरचनाको पुनःनिर्माणका लागि स्रोत जुटाउन वैदेशिक समुदायलाई आग्रह गर्नुपर्छ।" उहाँले सरकारले मानवीय र भौतिक क्षतिप्रति निष्पक्ष न्यायिक आयोग बनाएर छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने पनि बताउनुभयो। "विगतमा यस्ता आयोग गठन भए पनि कारबाही नभएको अवस्था थियो, अहिलेको घटनामा केही फुटेज पनि बाहिर आएकाले कारबाही गर्न सजिलो छ", उहाँले भन्नुभयो र

उहाँले भ्रष्टाचार अन्त्य र सुशासन जेनजीहरुको ठूलो मुद्दा भएकाले यसमा पनि वर्तमान सरकारले काम गर्नुपर्ने भएकाले नयाँ सरकारको टेबलभरी काम नै काम भएको बताउनुभयो।

शिक्षाविद् माथेमाले पछिल्लो परिस्थितिपछि मानिसमा एकप्रकारको निराशा र त्रास छ बढेको उल्लेख गर्नुभयो। "सिंहदरबार, सर्वोच्च अदालत जलेका छन्, मानिसमा शान्ति र सुव्यस्थाका सम्बन्धमा प्रश्न उठेको छ, शान्ति सुव्यवस्थालाई ठीक ठाउँमा ल्याउन प्रहरीको मनोबल बढाउनुपर्छ। उनीहरुको काम गर्ने, बस्ने खाने ठाउँ नै छैन। त्यसकारण मनोबल बढाएर काम गर्ने वातावरण बनाउनुपर्छ", उहाँले भन्नुभयो।

बुद्धिजीवी मल्ल के सुन्दर पनि यो सरकारको मूल दायित्व तोकिएको समयमा निर्वाचन गराउनु भएको भन्नुहुन्छ। युवाको आन्दोलनका क्रममा उठेको आवाज भ्रष्टाचारविरुद्ध सुशासनका कुरालाई सरकारले छाड्न नहुनेमा जोड दिँदै उहाँले मानवीय र भौतिक क्षतिमाथिको छानबिनलाई प्रधानमन्त्री कार्की र मन्त्रिपरिषद् प्रतिबद्ध देखिएकाले त्यसअनुसार काम हुनेमा विश्वास व्यक्त गर्नुभयो।

राजदीतिक दलसँग आबद्ध नभएका सक्षम, अनुभवी, जेनजीका प्रतिनिधि र स्वतन्त्र व्यक्तिलाई समेटेर समावेशीताका आधारमा सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने प्रधानमन्त्री कार्कीको घोषणालाई उहाँले सकारात्मक रुपमा लिनुपर्ने बताउनुहुन्छ।

साथै राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य मोहना अन्सारी भ्रष्टाचारको अन्त्य र विधिको शासनको मुद्दाका आधारमा जेनजी समूहको प्रदर्शनबाट सरकार स्थापित भएकाले त्यो मुद्दा यसको मुख्य प्राथमिकता भएको बताउनुभयो। "मुलुकमा भ्रष्टाचार नियन्त्रण हुनुपर्छ। युवापुस्ताको भविष्य सुनिश्चित हुनुपर्छ। उनीहरुले स्वदेशमै अवसर पाउनुपर्छ। विदेश जान बाध्य हुने अवस्था अन्त्य हुनुपर्छ", अधिकारकर्मी अन्सारीले भन्नुभयो, "यो सरकारले भ्रष्टाचार नियन्त्रणका लागि स्पष्ट कार्यादेशसहितको बेग्लै र अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ।"

उहाँले निर्वाचनका लागि राजनीतिक दल र सरोकार भएका पक्षसँग नियमित छलफल र परामर्श गरी निर्वाचनको वातावरण बनाउन पनि सरकार लाग्नुपर्ने बताउँदै उहाँले जोखिममा परेको शान्तिसुरक्षाको अवस्थालाई सामान्यीकरण गर्दै लानुपर्नेमा पनि जोड दिनुभयो। ठूलो सङ्ख्यामा कैदीबन्दीहरु कारागारबाट फरार रहेकाले त्यसले समाजमा असुरक्षा निम्त्याउनसक्ने खतरालाई सम्बोधनको सन्देश दिने र सुरक्षाकर्मीको मनोबल उच्च बनाउने काम गर्न पनि सुझाव दिनुभयो।

यस्तै व्यापार व्यवसाय र लगानीकर्ताको मनोबल वृद्धि गरी वातारण निर्माण गर्न आग्रह गर्दै उहाँले निर्वाचन सहज रुपमा सम्पन्न गर्न प्रहरी र सम्बन्धित सबैको मनोबल बढाइ मानव अधिकार र विधिको शासन कायम गर्न पनि उहाँको आग्रह छ।

# 'जेनजी' प्रदर्शनले युवामा मानसिक समस्या बढ्दो

**बुनु थारु**

काठमाडौँ, २ असोज (रासस)।

सोह्र वर्षीया एक किशोरी रातभर निदाउन सक्नुभएन। बारम्बार जेनजी प्रदर्शनका दृश्यहरू झल्झली आँखामा आउन थालेपछि छटपटी भइरह्यो। पढाइमा पटक्कै मन गएन। समस्या जटिल बन्दै गएपछि परिवारले उहाँलाई लगनखेलस्थित मानसिक अस्पताल पुऱ्यायो। चिकित्सकले उहाँलाई शान्त रहने अभ्यास सिकाउँदै औषधि दिएका छन्।

अर्का एक २५ वर्षीय युवा आफैँ प्रदर्शनमा उत्रिनुभएको थियो। गोली चल्न थालेपछि उहाँ घर फर्किनुभयो, तर सञ्चारमाध्यम र सामाजिक सञ्जालमा निरन्तर त्यही विषय हेर्दाहेर्दै उहाँमा तनावको मात्रा बढ्यो। सामान्य कुरा गर्न नसक्ने, हिँड्दा गन्तव्य थाहा नपाउने, खानपान र दिनचर्या अस्तव्यस्त हुन थालेपछि उहाँ पनि चिकित्सकको सम्पर्कमा पुग्नुभयो।

त्यसैगरी एक किशोर आफ्नै सहपाठीको मृत्युले विक्षिप्त हुनुहुन्छ। साथीको अन्तिम क्षण सम्झिँदा उहाँमा डर र चिन्ता बढ्छ। उहाँ हिजोआज निद्रामा पनि आत्तिन थाल्नुभएको छ। चिकित्सकका सम्पर्कमा आइपुगेका केही युवाहरूमा देखिएका प्रतिनिधिमूलक समस्या मात्र हुन् यी। हाल यस्ता समस्याबाट धेरै युवाहरू गुज्रिरहेको अनुमान गरिएको छ।

लगनखेल मानसिक अस्पतालका मनोचिकित्सक डा वासुदेव कार्की भन्नुहुन्छ, "अचानक निम्तिएको आन्दोलनले सबैलाई असर गरेको छ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आन्दोलनमा संलग्नहरूमा मानसिक समस्या देखा पर्नु स्वाभाविक हो।" उहाँका अनुसार, केही व्यक्तिमा समस्या छिट्टै कम भए पनि, पहिले मानसिक अस्वस्थता भोगिरहेका वा बालबालिकामा दीर्घकालीन असर पर्ने सम्भावना बढी हुन्छ।

"भौतिक क्षति र आर्थिक असर मात्र होइन, मानसिक स्वास्थ्यमा पनि गहिरो प्रभाव पर्न सक्छ," उहाँले भन्नुभयो। कान्ति बाल अस्पतालका बालबालिका तथा किशोरकिशोरी मनोचिकित्सक डा अमिता झाले पनि बालबालिकामाथि आन्दोलनलका दृश्यले गहिरो प्रभाव पारेको बताउनुभयो।

"एन्जाइटी, डिप्रेसनजस्ता लक्षण बढेका छन्। डर, त्रास, भय, घटनाका फ्ल्यासब्याकका लक्षण लिएर आएका छन्। पहिले समस्या नभएका बालबालिकामा पनि यस्ता लक्षण देखा परेका छन्," उहाँले भन्नुभयो। उपचारमा परामर्श सत्र थपिएको र केहीमा औषधिको मात्रा बढाउनुपरेको उहाँको भनाइ छ।

विज्ञका अनुसार मानसिक स्वास्थ्यमा समस्या आएमा तनाव व्यवस्थापनका सामान्य तरिका अपनाउन सक्दा पनि धेरै राहत मिल्छ। सो तरिकामा 'डिप ब्रेथिङ' (लामो सास फेर्ने अभ्यास विधि), आफूलाई मनपर्ने गतिविधि ( जस्तै कला, सङ्गीत, खेलकुद) मा संलग्नता, परिवार र साथीहरूसँग खुलेर कुरा गर्नु प्रभावकारी मानिन्छ।

"समाचार वा सामाजिक सञ्जालका सबै सामग्रीमा ध्यान दिनु आवश्यक छैन," डा कार्कीको सुझाव छ, "मनपर्ने कुरा गर्दै समय बिताउनुपर्छ। तनाव कम गर्न मदिरा र लागूपदार्थबाट टाढा रहनुपर्छ।"

यदि लक्षण कम भएन भने हेल्पलाइन ११६६ मा २४ घण्टा मनोपरामर्शदाता उपलब्ध रहेको र गहिरो समस्या देखिएमा चिकित्सकसँग भेटेर औषधि र परामर्श लिन सकिने उहाँको सुझाव छ।

बालबालिका तथा किशोरकिशोरी मनोचिकित्सक डा झाले बालबालिका तथा किशोरकिशोरीमा देखिने मानसिक लक्षण रोक्न घर र विद्यालय दुवैमा संवाद आवश्यक रहेको बताउनुभयो। "अभिभावक र शिक्षकहरूले उमेरअनुसार बुझ्ने भाषामा उनीहरूलाई समर्थन र आश्वासन दिनुपर्छ। नियमित तालिकामा राखेर कला, खेलकुदजस्ता क्रियाकलापमा संलग्न गराउँदा उनीहरूलाई आघात पार गर्ने अनुभवहरू कम हुँदै जान्छन्," उहाँले भन्नुभयो।

'जेनजी' प्रदर्शनले समाजमा मानसिक स्वास्थ्यको महत्वबारे नयाँ प्रश्न उठाएको छ। डा कार्कीले घटना विर्सन समय लाग्ने तर पीडालाई स्वीकारेर, समर्थन र उपचारको बाटो रोज्दा व्यक्तिहरू पुनः सन्तुलित जीवनतर्फ फर्कन सक्ने बताउनुभयो। सङ्कटको समयमा मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नु अब राज्य र समाज दुवैको साझा दायित्व बनेको उहाँको भनाइ छ।

## विश्व समाचार

### ट्रम्पद्वारा २३ देशलाई अवैध लागुऔषध ट्रान्जिट वा उत्पादक देश घोषणा, चीन र पाकिस्तान पनि समावेश

वासिङ्टन, २ असोज (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सदनमा पेस गरेको 'प्रेसिडेन्सियल डिटरमिनेशन' मा २३ वटा देशलाई प्रमुख लागुऔषध ट्रान्जिट वा अवैध लागुऔषध उत्पादक देशका रूपमा सूचीबद्ध गर्नुभएको छ। यी देशहरूमध्ये चीन, अफगानिस्तान, भारत र पाकिस्तान पनि परेका छन्। राष्ट्रपति ट्रम्पले अमेरिकामा अवैध लागुऔषध व्यापारबाट उत्पन्न खतरालाई परास्त गर्ने दृढता व्यक्त गर्नुभएको छ। सूचीमा रहेका अन्य देशहरूमा बहामास, बेलिज, बोलिभिया, म्यान्मा, कोलम्बिया, कोस्टारिका, डोमिनिकन रिपब्लिक, इक्वेडर, एल साल्भाडोर, ग्वाटेमाला, हाइटी, होन्डुरस, जमैका, लाओस, मेक्सिको, निकारागुआ, पनामा, पेरु र भेनेजुएला समावेश छन्।

राष्ट्रपति निर्णयमा अफगानिस्तान, बोलिभिया, म्यान्मा, कोलम्बिया र भेनेजुएलाले विगत १२ महिनामा अन्तर्राष्ट्रिय मादक पदार्थ विरोधी सम्झौताअन्तर्गतका दायित्व पूरा नगरेको र आवश्यक सुधारात्मक कदम चाल्न असफल भएको प्रष्ट रूपमा उल्लेख गरिएको छ। निर्णयमा भनिएको छ, "यस सूचीमा कुनै देशको उपस्थिति अनिवार्य रूपमा त्यस देशको लागुऔषध विरोधी प्रयास वा अमेरिकासँगको सहयोगको स्तरको प्रतिविम्ब होइन। भौगोलिक, व्यावसायिक र आर्थिक कारणहरूले गर्दा लागुऔषध वा पूर्ववर्ती रसायनहरू उत्पादन वा ट्रान्जिट गर्न सहज भएका कारण पनि सूचीमा राखिएको हो, चाहे त्यस देशले कडा लागुऔषध नियन्त्रण र कानूनी कार्यान्वयन गरिरहेको भए पनि।"

यसअघि, भारतको नार्कोटिक्स कन्ट्रोल ब्युरो (एनसिबी) ले अन्य एजेन्सीसँग मिलेर चार महाद्वीपसम्म फैलिएको लागुऔषध तस्करी सिन्डिकेट ध्वस्त पारेको थियो। यो सिन्डिकेटले एन्क्रिप्टेड डिजिटल प्लेटफर्म, ड्रप शिपिङ मोडेल र क्रिप्टोकरन्सी प्रयोग गरेर औषधि तस्करी गर्दै आएको थियो। नयाँदिल्लीको बङ्गाली बजार नजिकै नियमित सवारी चेकिङका क्रममा कार्टेलको पर्दाफास भएको थियो। यसले भारत, अमेरिका, अस्ट्रेलिया र युरोपसम्म फैलिएको आपराधिक सञ्जाल प्रस्ट पारेको थियो। यसले एनसिबीको अन्तर्राष्ट्रिय स्तरमा अवैध फार्मा नेटवर्कविरुद्ध समन्वित कारबाही गर्ने क्षमतालाई पनि देखाएको छ। भारतस्थित अमेरिकी दूतावासले यस कारबाहीका लागि एनसिबीलाई धन्यवाद दिँदै भन्यो, "अवैध लागुऔषधबाट अमेरिकीहरूलाई जोगाउन र जीवन बचाउन सहयोग गरेकोमा एनसिबी र भारतीय अधिकारीहरूलाई धन्यवाद!"

### शेख हसिना परिवारको एनआइडी ब्लक, आगामी चुनावमा मतदान गर्न नपाउने

ढाका, २ असोज (रासस/एएनआई)।

बङ्गलादेश निर्वाचन आयोगले पूर्वप्रधानमन्त्री शेख हसिना र उहाँका परिवारका सदस्यहरूलाई आगामी वर्ष फेब्रुअरीमा हुने राष्ट्रिय चुनावमा मतदान गर्न नपाउने घोषणा गरेको छ। "आगामी संसदीय चुनावले देशभित्र र विदेशमा दुवै मतदानको सुविधा दिनेछ। विदेशमा रहेका बङ्गलादेशीहरूले अनलाइन दर्ता गर्नुपर्नेछ, जसका लागि हाल नयाँ प्रणाली विकास भइरहेको छ", निर्वाचन आयोग (इसी) का वरिष्ठ सचिव अख्तर अहमदले बुधबार भन्नुभयो। उनका अनुसार प्रवासीहरूले पासपोर्ट नभई, आफ्नो एनआइडी प्रयोग गरेर मात्र अनलाइन दर्ता गर्न सक्नेछन्। जसको एनआइडी ब्लक गरिएको छ, उनीहरूले अनलाइन दर्ता गर्न पाउने छैनन् र दर्ता गर्न सक्नेहरूलाई मात्र मतदान गर्ने अधिकार हुनेछ। दैनिक युगान्तोरका अनुसार निर्वाचन आयोगले गत फेब्रुअरी १६ मा शेख हसिनासहित उहाँका १० जना परिवारका सदस्यको एनआइडी अवरुद्ध गरेको थियो। ब्लकमा परेका मध्ये उहाँका छोरा सजीब वाजेद जोय, छोरी साइमा वाजेद पुतुल, बहिनी शेख रेहाना, भतिजीहरू ट्युलिप रेजवाना सिद्दीकी र अजमिना सिद्दीकी, साथै भतिजा रादवान मुजीब सिद्दीकी पनि हुनुहुन्छ। शेख हसिना विदेशबाट मतदान गर्न पाउने हो कि भन्ने प्रश्नमा सचिव अहमदले भन्नुभयो, "उहाँको एनआइडी अवरुद्ध छ। त्यसैले उहाँले मतदान गर्न सक्नुहुनेछैन।" पूर्वप्रधानमन्त्री हसिना गत वर्ष अगस्ट ५ मा विद्यार्थी नेतृत्वको विद्रोहपछि देश छोडेर भारतमा शरण लिन पुग्नुभएको थियो। त्यसपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार बनेको हो।

### भारतमा 'मस्तिष्क खाने' अमिबाको सङ्क्रमण बढेपछि स्वास्थ्य चेतावनी

नयाँदिल्ली, २ असोज (रासस/एएफपी)।

दक्षिणी राज्य केरलामा दुर्लभ पानीजन्य 'मस्तिष्क खाने' (ब्रेन इटिङ) अमिबाको सङ्क्रमण र मृत्यु गत वर्षको तुलनामा दोब्बर बढेपछि भारतले स्वास्थ्य चेतावनी जारी गरेको छ। सरकारी टास्क फोर्सका चिकित्सक अल्ताफ अलीले कि अधिकारीहरूले राज्यभरि केस पत्ता लगाउन र उपचार गर्न ठूलो मात्रामा परीक्षण गरिरहेको बताउनुभयो। यस वर्ष नेग्लेरिया फोलेरी अमिबाबाट १९ जनाको मृत्यु र ७२ सङ्क्रमण रिपोर्ट भएको छ। जसमा सेप्टेम्बरमा मात्रै नौ जनाको मृत्यु र २४ सङ्क्रमित छन्। गत वर्ष ३६ घटनामा नौ जनाको मृत्यु भएको थियो। युएस सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सिडिसी) ले यसलाई 'मस्तिष्क खाने अमिबा' भन्छ। किनकि यसले मस्तिष्कलाई सङ्क्रमित गरी तन्तु नष्ट गर्न सक्छ। मस्तिष्कमा पुगेमा ९५ प्रतिशतभन्दा बढी ज्यान जाने जोखिम हुन्छ। सङ्क्रमण अत्यन्त दुर्लभ भए पनि प्रायः घातक हुन्छ। अमिबा तातो ताल र नदीहरूमा बस्छ र नाकमार्फत प्रवेश गरेर सङ्क्रमण फैलाउँछ। यो व्यक्तिबाट व्यक्तिमा सिधा सर्दैन। विश्व स्वास्थ्य सङ्गठनले लक्षणमा टाउको दुखाइ, ज्वरो, बान्ता, मानसिक परिवर्तन, मतिभ्रम र कोमा हुने उल्लेख गरेको छ। चिकित्सक अलीले भन्नुभयो, "विगतमा सीमित क्षेत्रहरूमा मात्र देखिन्थे, यस वर्ष राज्यभर नयाँ घटनाहरू देखा परेका छन्, यो चिन्ताको विषय हो।" सन् १९६२ देखि संयुक्त राज्य अमेरिका, भारत, पाकिस्तान र अस्ट्रेलियामा विश्वभर लगभग पाँच सय घटना रिपोर्ट भइसकेका छन्।

# दुर्घटनामा दुई जनाको मृत्यु, २२ घाइते

**दैनिक समाचारदाता**
**सुनसरी, २ असोज ।**

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका ३ पुल्चोकमा बिहीबार बसले रोकिराखेको ट्रकलाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ भने २२ जना घाइते भएका छन् ।

पूर्व पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्र १-०२-००२ ख ०९४९ नम्बरको यात्रुवाहक बसले बिग्रिएर सडक छेउमा रोकी राखेको ना ६ ख ३७३३ नम्बरको ट्रकलाई ठक्कर दिएको थियो ।

सो दुर्घटनामा मृत्यु भएका दुई जनाको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले जानकारी दिए । एक जनाको जिल्ला अस्पताल इनरुवामा उपचारको क्रममा मृत्यु भएको थियो भने एक जनाको ग्लोबल कार्डियो एण्ड न्युरो अस्पताल भोक्राहामा उपचारको क्रममा मृत्यु भएको हो ।

घाइतेहरूको भोक्राहा नरसिंह गाउँपालिका ४ स्थित ग्लोबल कार्डियो एण्ड न्युरो अस्पतालमा उपचार भइरहेको प्रनाउ खतिवडाले जानकारी दिए ।

# दुई महिनामा ३९ अर्ब १५ करोड राजस्व संकलन

पर्सा, २ असोज (रासस) ।

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दुई महिनामा रु ३९ अर्ब १५ करोड ५५ लाख राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले चालु आवको दुई महिनासम्म कार्यालयलाई रु ४३ अर्ब तीन करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेकामा सो अवधिमा लक्ष्यको ९० दशमलव ९९ प्रतिशत राजस्व सङ्कलन गरेको हो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले भदौ महिनामा विषम परिस्थितिमा पनि राजस्व सङ्कलन उत्साहजनक भएको बताउनुभयो ।

"साउनमा रु १८ अर्ब ४४ करोड राजस्व सङ्कलन भएको थियो", उहाँले भन्नुभयो, "भदौमा मासिक लक्ष्यको ९३ दशमलव ९७ प्रतिशत राजस्व सङ्कलन गरेका छौँ ।"

वीरगञ्ज भन्सार कार्यालयले भदौ १२ गते एकै दिनमा रु दुई अर्ब ३७ करोड राजस्व सङ्कलन गरेको छ । त्यस्तै गरी भदौ १७ गते रु एक खर्ब ९२ करोड राजस्व सङ्कलन गरेको छ । त्यस्तै भदौ २८ गते रु एक अर्ब ७१ करोड र भदौ ३१ गते भने रु एक अर्ब ११ करोड राजस्व सङ्कलन गरेको छ । त्यस्तै जेनजीको प्रदर्शनका दिन भदौ २४ गते रु तीन करोड राजस्व सङ्कलन भएको छ ।

त्यस्तै भदौ २६ गते छ करोड र भदौ २७ गते भने रु ११ करोड राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । कार्यालयले साउन महिनामा रु १८ अर्ब ४४ करोड राजस्व सङ्कलन गऱ्यो भने भदौ महिनामा भने रु २० अर्ब १२ करोड राजस्व सङ्कलन गरेको छ ।

# संविधान दिवसमा टेलिकमको 'अफर'

काठमाडौँ, २ असोज (रासस) ।

संविधान दिवसका अवसरमा नेपाल टेलिकमले विशेष 'अफर' घोषणा गरेको छ । नेपालको संविधान २०७२ घोषणाको एक दशक पूरा भएको उपलक्ष्यमा टेलिकमले आफ्ना ग्राहकहरूका लागि 'संविधान दिवस अफर २०८२' उपलब्ध गराइने जनाएको छ ।

कम्पनीका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार उक्त अफर २०८२ असोज २ देखि असोज ४ गतेसम्म लागू हुनेछ । यसअन्तर्गत रु ४९ मा एक दिन चलाउन सकिने एक 'एमबिपिएस अनलिमिटेड डाटा' र नेपाल टेलिकमकै 'नेटवर्क'भित्र कल गर्न सकिने १०० मिनेट 'अल नेट भ्वाइस' सेवा उपलब्ध हुनेछ ।

यसैगरी 'डाटा प्याकेज'अन्तर्गत रु १११ मा पाँच दिनसम्म चलाउन सकिने छ जिबी, रु १९९ मा सात दिनसम्म चलाउन सकिने १३ जिबी, रु २९९ मा १२ दिनसम्म चलाउन सकिने २० जिबी र रु ३९९ मा १५ दिनसम्म चलाउन सकिने ३० जिबी डाटा प्याकेज उपलब्ध हुने कम्पनीले जनाएको छ ।

टेलिकमले यही अफरअन्तर्गत रु ७८९ मा 'फेस्टिभ कम्बो प्याक' पनि लिन सकिने जनाएको छ । प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि ३० दिनसम्म चलाउन सकिने समयावधि तोकिएको सो प्याकेजअन्तर्गत ३० जिबी डाटा, सबै नेटवर्कमा कल गर्न सकिने ६०० मिनेट 'अल नेट भ्वाइस' सुविधा र २०० 'अल नेट एसएमएस' सुविधा उपलब्ध हुनेछ । पोस्टपेड मोबाइल प्रयोगकर्ताले 'फेस्टिभ कम्बो प्याकेज' वा ३० 'जिबी डाटा प्याकेज' लिएमा मासिक रूपमा बुझाउनुपर्ने 'रेन्टल चार्ज'बाटै यो शुल्क काटिने सुविधासमेत उपलब्ध छ ।

***मोर्चाले असोज ३ ...***

मो. लालबाबु राउतको घर फ्याक्ट्रीमा तोडफोड तथा आगजनी एवं व्यवसायीहरु डा. उपेन्द्र महतो, विनोद चौधरी, वसन्त चौधरी, मिन बहादुर गुरुङ (भाटभटेनी सुपरमार्केट), गोल्यान हाउस, गोल्छा हाउस लगायत आम जनताको घर, पसल, फ्याक्ट्री लगायतमा क्षति पुऱ्याएकोले दोषीहरुको छानबिन गरि कडा भन्दा कडा कारवाही गर्न र भए गरेका क्षतिहरुको यकिन गरि क्षतिपूर्ति दिन सरकारलाई आग्रह समेत गरेको छ ।

# उच्च मनोबलका साथ काम गर्न गृहमन्त्री अर्यालको निर्देशन

काठमाडौँ, २ असोज (रासस) ।

गृहमन्त्री ओमप्रकाश अर्यालले बिहीबार प्रहरी प्रधान कार्यालय जानुभई जेनजी आन्दोलनका क्रममा भएका क्षतिका बारेमा जानकारी लिनुभएको छ । सो अवसरमा उहाँले उच्च मनोबलका साथ राष्ट्र र जनताका हितमा समर्पित हुन प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो ।

गृहमन्त्री अर्यालले भन्नुभयो, "आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी इकाईको पुनःस्थापना र प्रहरी कर्मचारीको मनोबल उच्च राख्नका लागि समुदायले देखाएको सदायताप्रति प्रहरीको आवश्यकता र महत्व पुष्टि भएको छ, तपाईंहरू उच्च मनोबलका साथ जनताको हितमा काम गर्नुस् ।,"

उहाँले नेपाल प्रहरीको कार्यक्षेत्रमा भएका कमीकमजोरी सुधार गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । गृहमन्त्री अर्यालले कानुनबमोजिम आफ्नो कार्यसम्पादन गर्न प्रहरीलाई निर्देशनसमेत दिनुभयो । उहाँले भन्नुभयो,"तपाईंहरू कर्तव्यनिष्ठ र संयमित भएर आफ्नो जिम्मेवारी पालनामा लाग्नुहुनेछ भन्ने विश्वास वर्तमान सरकारले लिएको छ, यो सरकार उच्च मनोबलयुक्त प्रहरी कर्मचारीको पक्षमा छ ।"

यसअघि गृहमन्त्री अर्यालले काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी, प्रहरी वृत्त दरबारमार्ग र प्रहरी वृत्त महाराजगञ्जको क्षतिको स्थलगत अनुगमन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल प्रहरीका सातै प्रदेशका प्रहरी प्रमुख, जिल्ला प्रहरी कार्यालयका प्रमुख, इलाका प्रहरी कार्यालयका प्रमुखलगायतको भर्चुअल माध्याममार्फत उपस्थिति रहेको थियो ।

# जनमतका वरिष्ठ उपाध्यक्षसहित ६ जनाको सामूहिक राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खानसहित ६ जनाले सामूहिक राजीनामा दिएका छन् ।

नेतृत्व परिवर्तनको माग पुरा नभएको भन्दै पार्टीका उपाध्यक्ष खान, केन्द्रीय प्रवक्ता डा शरदसिंह यादव, केन्द्रीय संयोजक कुमार यादव, सिके सिंह, वरिष्ठ प्रदेश इन्चार्ज (सुदुरपश्चिम प्रदेश) राजाराम चौधरी र केन्द्रीय सदस्य विक्रमबहादुर बमले सामूहिक राजीनामा दिएका हुन् ।

उनीहरूले बुधबार पार्टी अध्यक्ष डा चन्द्रकान्त राउत र सङ्गठन विभाग डा जयकान्त राउतको २४ घण्टाभित्र स्वेच्छिक राजीनामाको माग गरेका थिए । माग पुरा नभएपछि पार्टीको साधारण सदस्यसमेत नरहने गरी सामूहिक राजीनामा दिएको प्रवक्ता यादवले जानकारी दिए ।

"देशको विषम परिस्थितिलाई मध्यनजर गरी जनभावना अनुरूप पार्टीको प्रमुख नेतृत्वलाई आत्मआलोचना गरी नेतृत्व परिवर्तनको निम्ति अल्टिमेटमसहित हामीले माग गरेको राजिनामा पत्रलाई तपाईंले अपहेलना गरी जेनजीले बगाएका रगतको अपमान गरी उल्टै नेता कार्यकर्तालाई अङ्हकारको भाषामा आफ्नो आधिकारीक फेसबुकमार्फत धारणा सार्वजनिक गरी सकेपछि हाम्रो ध्यानकर्षण भएको छ", राजीनामा पत्रमा भनिएको छ, "त्यसैलाई आधार मानी आजैको मितिदेखि साधारण सदस्यसमेत नरहने गरी हामी पार्टीबाट राजीनामा गर्दछौँ ।"

# निर्वाचनका लागि कानुन संशोधन र स्रोत सुनिश्चित गर्न आयोगको आग्रह

काठमाडौँ, २ असोज (रासस) ।

निर्वाचन आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ संशोधनलगायत आवश्यक स्रोत साधनको सुनिश्चितताका लागि सरकारसँग आग्रह गरेको छ ।

आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाता सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० छन् । आसन्न निर्वाचनका सन्दर्भमा बिहीबार निर्वाचन आयोगमा आयोजित छलफलमा गृहमन्त्री ओमप्रकाश अर्यालसँग कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीले यसअघि तोकिएको उपनिर्वाचनको मिति तोकिएको स्थितिमा गत असार १६ गतेदेखि मतदाता नामावली सङ्कलन स्थगन भएकाले मध्यावधि निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली सङ्कलन खुला गर्न कानुनी प्रबन्ध गर्नुपर्ने बताउनुभयो । उक्त ऐनको दफा ४ को उपदफा २ को सो व्यवस्था संशोधनका लागि अध्यादेशबाट कानुन संशोधन गर्न आयोग र सरकारबीच छलफल भएको छ ।

गृहमन्त्री अर्यालले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने उपायबारे योजना बनाउन सुझाएपछि आयोगले त्यसका लागि कानुनका विज्ञसँग छलफल गरी सुझाव दिने तयारी गरेको छ ।

यही भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनपछि उत्पन्न परिस्थितिमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन मिति घोषणा गरिएको छ ।

अन्तरिम सरकारको कार्यादेशअनुसार निर्वाचनलाई केन्द्रमा आयोगले काम काम सुरु गरिसकेको जनाउँदै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले निर्वाचनका लागि प्रभावकारी सुरक्षा प्रबन्ध, जनशक्ति र स्रोतको सुनिश्चितता, अन्य मन्त्रालयसँगको समन्वय, राजनीतिक दलको सहभागिता, निर्वाचन आचारसंहिताको कार्यान्वयनमा सरकार र सम्बन्धित क्षेत्रको सहयोगको आग्रह गर्नुभयो ।

***उच्चद्वारा जिल्ला ...***

ठूलो क्षति भएपछि कम्प्युटर प्रिन्टरको अभावमा काम गर्न कठिनाई भएपछि थुनछेक आदेश हातले लेखेको र दशैंसम्म व्यवस्थित नभएसम्म हातले लेख्ने बाध्यता रहेको उनले बताए ।

उच्च अदालत जनकपुर राजविराज इजलासका नव आगन्तुक मुख्य न्यायाधीश सुभाष पौडेल, अन्य न्यायाधीशहरू तथा रजिष्टार लगायतले जिल्ला अदालतको अनुगमन गरेर अवस्थाको विषयमा जानकारी लिएका थिए ।

# मधेस प्रदेशका मुख्यमन्त्रीसँग उनकै पार्टीले स्पष्टीकरण माग्यो

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**



जनमत पार्टीले मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहसँग स्पष्टीकरण माग गरेको छ ।

जनमत पार्टीले निर्देशन दिएपछि जेनजी आन्दोलनको दोस्रो दिन मुख्यमन्त्री सिंहले फेसबुकमा राजीनामा दिएको घोषणा गरेपनि पछि पनि राजीनामा दिन आनाकानी गरेपछि पार्टीले साधारण सदस्य समेत नरहने गरी किन कारबाही नगर्ने भनेर स्पष्टीकरण सोधेको हो ।

पार्टीका केन्द्रीय अनुशासन समितिका संयोजक एवं पार्टीका केन्द्रीय उपाध्यक्ष नरेन्द्र प्रसाद चौधरीले तीन दिन भित्र स्पष्टीकरण दिन स्पष्टीकरण पत्र मुख्यमन्त्रीलाई पठाएका हुन् ।

उनले संसदीय दलले प्रदेश सरकारमाथि विश्वास नरहेको भनी प्रदेश सरकारबाट बाहिरिने र मुख्यमन्त्री सहित आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरेको र मुख्यमन्त्री स्वयं फेसबुकमा राजीनामा दिइसकेकाले अहिले मुख्यमन्त्री पदबाट राजीनामा नदिएको, पार्टीको छविलाई आँच पुऱ्याउने काम गरेको, अरू पार्टीहरूसँग साँठगाँठ गरी पार्टीको हित विपरीत काम गरिरहेको भन्दै पार्टीको साधारण सदस्य नरहने गरी किन कारबाही नगर्ने भनेर उल्लेख रहेको छ ।

जनमतका संसदीय दलका नेता महेशप्रसाद यादवले संसदीय दलले आफ्नो मुख्यमन्त्री र मन्त्रीहरूलाई फिर्ता बोलाउँदै प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखको कार्यालय तथा प्रदेशसभा सचिवालयमा बुझाइसक्दा समेत मुख्यमन्त्रीले राजीनामा नदिएपछि कारबाही प्रक्रिया अगाडि बढाइएको बताए ।

यादवले संसदीय दलले मुख्यमन्त्री सिंहलाई २४ घण्टे स्पष्टीकरण बुधवार नै दिएपनि मुख्यमन्त्रीले स्पष्टीकरण नदिएको जानकारी दिए । संसदीय दलले मागेको स्पष्टीकरण नदिएपछि बुधबार पार्टीको केन्द्रीय सचिवालयमा अनुशासनको कारबाहीको माग गर्दै सिफारिस गरेको थियो ।

यसै बीच मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफूलाई विभिन्न दलहरूले राजीनामा नदिनका लागि आग्रह गर्दै आएको र देशको अहिलेको राजनीतिक अवस्था पनि ठिक नभएकाले आफूले राजीनामा नदिईकन प्रदेश सभामा नै फेस गर्ने बताए ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np